आज मिति २०७४ साल असोज ३१ गतेका दिन यस सरुमारानी गाउँ-पालिका गाउँ कार्यपालिकाको बैठक (बैठक नं १) यस सरुमारानी गाउँ-पालिकाका उपाध्यक्ष श्री मीना कुमारी सोमैको अध्यक्षतामा बसी तपसील बमोजिमका निर्णय गरियो।

तपसील:

| | | |
|---|---|---|
| १. | श्री मिना कुमारी सोमै | उपाध्यक्ष |
| २. | श्री शारदा खौरे | कार्यकारी अधिकृत |
| ३. | श्री चिन्त बहादुर सोमै | ४ नं. वडाध्यक्ष |
| ४. | श्री भिम बहादुर मर्साङ्गी | ३ नं. " |
| ५. | श्री तुल बहादुर रोका | ६ नं. " |
| ६. | श्री मुकुन्दराज शर्मा | १ नं. " |
| ७. | श्री सन्त बहादुर बराल | ५ नं. " |
| ८. | श्री मोहम्मद हलिम हलुवाई | कार्यपालिका सदस्य |
| ९. | श्री टंक प्रसाद सुनार | " " |
| १०. | श्री सुसीला के.एम. | " " |
| ११. | श्री चान्द्रिमा थापा | " " |
| १२. | श्री जिवा सुनार | " " |
| १३. | श्री खिमा सुवेदी | " " |

आमन्त्रित

दीपक कोइराला (सह-लेखापाल)

सुखदेव गौतम (कार्यालय सहयोगी)

धनबहादुर राना " "

Scanned with CamScanner

प्रस्ताव नं १. शिघ्र स्वास्थ्य लाभको कामना ।

निर्णय नं १..प्रस्ताव नं १ मा छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा नं २ का वडाअध्यक्ष श्री वसन्त बहादुर जि.सी. मिति २०७४।०६।२५ मा कार्यालयको कामको सिलसिलामा वडा कार्यालयबाट सरुमारानी गाउँपालिकाको कार्यालय बड्डाँडा तर्फ आउँदै गर्दा रातो घुम्ती भन्ने स्थानमा मोटरसाइकल दूर्घटनामा परी घाइते हुनुभएकोले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं २. सडक मर्मत सम्वन्धमा ।

निर्णय नं २. प्रस्ताव नं २ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा नं ३ बड्डाँडा हुदै ऐरावती जोड्ने मोटरबाटो तिहारको वेलामा मर्मत सम्भार गर्नुपर्ने देखिएकोले मर्मत सम्भार कोषबाट रु.५००००। विनियोजन गर्ने सर्वसम्मत निर्णय गरियो ।

प्रस्ताव नं ३. प्रकाश वस्नेतको हाजिरी सम्वन्धमा ।

निर्णय न. ३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस सरुमारानी गाउँपालिका वडा नं ५ जस्पुर स्वास्थ्य चौकीमा कार्यरत अ.हे.व.प्रकाश वस्नेतको हाजिरी सम्वन्धमा आवश्यक छानविन गरी एक हप्ताभित्र गाउँपालिकाको कार्यालयमा प्रतिवेदन पेश गर्न स्वास्थ्य शाखा संयोजक हिरण्यराज शर्मा लाई २०७४।०६।०१ गते निर्देशन दिएकोमा मिति २०७४।०६।२९ मा अ.हे.व.प्रकाश वस्नेतले स्पष्टिकरण पेश नगरेको भनि स्वास्थ्य संयोजक हिरण्यराज शर्माले प्रतिवेदन गाउँकार्यपालिकामा पेश गरेकोले सो सम्वन्धमा निज प्रकाश वस्नेतलाई पुनः १० दिनभित्र स्पष्टिकरण पेश गराउन स्वास्थ्य संयोजक हिरण्यराज शर्मालाई निर्देशन दिने र स्पष्टिकरण पेश नगरेमा निजको तलव रोक्का गर्ने सर्वसम्मत निर्णय गरियो ।

आगामी वैठक आवश्यकता अनुसार बस्ने गरी आजको बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

Scanned with CamScanner